# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दुर्गाथली गाउँपालिका


बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## दुर्गाथली गाउँपालिका
### बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## दुर्गाथली गाउँपालिका

बझाङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५५१
मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दुर्गाथली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले दुर्गाथली गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६ करोड ५१ लाख ८९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ५० हजार फस्यौंट भइ बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ११ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ०७ लाख ५ हजार, नियमित गर्नुपर्ने रु ३२ लाख ३६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड १७ लाख ५९ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षण बाट फस्यौंट एंव यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ११ करोड ६७ लाख ६१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## दुर्गाथली गाउँपालिका, बझाङ

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४२ | ५८ | ६५१८९ | ० | ५ | ५० | ४२ | ५३ | ६५१३९ | ११९७ | ३२३६ | ६०७०५ | ० | ० | ६३९४२ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण (रु.हजारमा)

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४० | पंजिकरण तालिममा देवि प्रसाद जोशीलाई नर्म्स भन्दा वढी भुक्तानी भएको | १ |
| २ | ५१ | करार कर्मचारी रविन्द्र जेठारालाई स्थानीय भत्ता भुक्तानी | २४ |
| ३ | ५४ | भुक्तानीमा कर कट्टी नभएको | ९ |
| ४ | ६७.२ | फलामे टनेल खरिदमा वढी भुक्तानी | १६ |
| | | जम्मा | ५० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| **दुर्गाथली गाउँपालिका, बझाङ** | ५१७५९ | ० | १३७ | ५१६२२ | ० | ६५१३९ | ११६७६१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : दुर्गाथली गाउँपालिका, बझाङ , दुर्गाथाली गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवी प्रसाद जोशी | २०७८-१२-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपक राज पाण्डेय | २०७६-९-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६५,१३९,०५७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,०१,४३,३०९.०८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,११,७४,००० | **चालु खर्च** | २२,९१,४१,२०२.१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१२,९८,००० | **पूँजीगत खर्च** | १०,१८,८७,२२४.९ |
| **राजश्व बाँडफाँट** | ४,९९,७१,१६८.७४ | **वित्तीय/अन्य व्यवस्था** | ११,५९,१३,५९४.६ |
| **आन्तरिक आय** | २५,५५,४७८ | | |
| **अन्य आय** | ९,६५,७०,७७८.१८ | | |
| **कुल आय** | ४४,१५,६९,४२४.९२ | **कुल खर्च** | ४४,६९,४२,०२१.६ |
| **बाँकी मौज्दात** | | ५,४७,७०,७१२.३५ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | | | **परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, ६१वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ । | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 60143309.08 | १ | चालु खर्च | २२९१४१२०२.२ | २२९१४१२०२.२ |
| | | | | | | | |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १०१८८७२२४.९ | १०१८८७२२४.९ |
| | ख) बैंक | 47173162.56 | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) बिपद कोष खाता | 680542.98 | | | | | |
| | घ) धरौटि खाता | 11241405.44 | | | | | |
| | ङ) विविध खर्च खाता | १०४८१९८.१ | | | | | |
| २ | राजस्व ( आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | 52526646.69 | | | | |
| | क) आन्तरिक राजस्व | २५५५४७८ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ४९१९३४५६.८७ | | | ग) अन्य भुक्तानी | | |
| | ग प्रदेश सवारि साधन कर | ७७७७११.८२ | | ४ | गरिब संग बिश्वेश्वर | | ४५१४५० |
| | घ) अन्य आय | ० | | ५ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | 271174000 | ६ | ऋण लगानी | | |
| | | | | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९५२००००० | | ७ | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | 175974000 | | ८ | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ९ | धरौटी फिर्ता | | ७९५०९७६.६६ |
| | घ) विशेष अनुदान | ० | | १० | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 21298000 | ११ | कोष फिर्ता | | २६७६१५६२.८२ |
| | | | | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | 6635000 | | | नेपाल सरकार शर्शत | १३३००४३६.९२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | ख) सशर्त अनुदान | 6719000 | | | प्रदेश सरकार शशर्त | | |
| | | | | | | ४१४३३३ | |
| | ग) समपुरक अनुदान | 5444000 | | | प्रदेश सरकार बिशेष | ५५०६७५ | |
| | घ) विशेष अनुदान | 2500000 | | | प्रदेश सरकार समपुरक | २४८३५६७.९ | |
| | | | | | गरिव संग बिश्वेश्वर | १२५५० | |
| | | | | | एकिकृत स्वास्थ्य बिकास पुर्वाधार | १००००००० | |
| | | | | १२ | सामाजिम सुरक्षा भत्ता | ७५९३१६५६ | ७५९३१६५६ |
| | | | | १३ | विविध खर्च खाताबाट खर्च | १०४८१९८.१ | १०४८१९८.१ |
| | | | | १४ | विपद व्यवस्थापन खाताबाट खर्च | ३७६९७५१ | ३७६९७५१ |
| | | | | १५ | मौज्दात | | ५४७७०७१२.३३ |
| | | | | | बैक मौज्दात | ४४३९४३६९.३७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बिबिध खर्च खाता | ५००००० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | विपद व्यवस्थापन | १९१०७९१.९८ | |
| ६ | अन्य | | | | धरौटि मौज्दात | ७९६५५५०.९६ | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | | | | |
| | ख) सडक बोर्ड नेपाल | | | | | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | | | |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |
| | | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | ८६३९५६५६ | | | | |
| | क) सामाजिक सुरक्षा भत्ता | 75931656 | | | | | |
| | ख) एकिकृत स्वास्थ्य बिकास पुर्बाधार | १००००००० | | | | | |
| | ग) गरिव सँग बिश्वेश्वर | 464000 | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | धरौटी आय | | 4675122.18 | | | | |
| | | | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| १३ | विपद व्यवस्थापन कोष | | 5000000 | | | | |
| १४ | विविध कोष खाता(कर्मचारि कल्याणकारि कोष खाता) | | ५००००० | | | | |
| १५ | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | ५०१७१२७३४ | | जम्मा | | ५०१७१२७३४ |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **हिसाव मिलान हुनुपर्ने** - श्रेस्ता अनुसार ४ वटा खाताको रु ५४२७०७१२।३१ र वैंकमा रु ५४७७०७१२।३१ रहेको छ ।खातामा भन्दा वैंकमा रु ५०००००।०० वढी देखिन्छ ।वढी देखीएको रकमको हिसाव मिलान हुनुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम | |

| | | | | |
|---|---|---|---|---|
| | | | मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **सम्पत्ति हस्तान्तरण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य | |

| | | | | |
|---|---|---|---|---|
| | | | फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६ | | | **तलवी प्रतिवेदन** - तलवि प्रतिवेदन पारित नगरेको शिक्षा सेवा ऐन अनुसार पालिकले शिक्षा किताबखानवाट तलबी प्रतिवेदन पारीत गरी शिक्षक कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका प्रमुखले २०७६।३।१० गते रु. ३९ करोड ७६ लाख ४६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका | |

विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिकवजेटअनुमानित | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | ३०२३६०००।०० | २७१३६७४५।० | ८.१९% |
| सामाजिकक्षेत्र | १६३३३९०००।०० | १५०२९८३७१ | ४५.४०% |
| पूर्वाधारविकासक्षेत्र | ९९६३६०००।०० | ६७९५३४१३।० | २०.५३% |
| वातावरणतथाविपद्व्यवस्थापन | १५०००००।०० | ९९६३७७ | ०.३०% |
| संस्थागतविकासरसेवाप्रवाह | ७१६४०००।०० | ७१५३४०० | २.१६% |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ९५७७११६२।०० | ७७४९०११९ | २.३४% |
| जम्मा | | | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४५.४० प्रतिशत र वातावरण तथा विपत्त व्यवस्थापनमा सबै भन्दा घटी ०.३० प्रतिशत रहेको छ ।

११ **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| वजेट शिर्षक | कूल खर्च | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|

| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| गाउँपालिका चालु | | १८११८७९८।३८ | | ३०३७५१६५।८३ | ३७६८२३८३।८८ | १७९६६४६६।६६ |
| शशर्त अनुदान चालु | | ३४९४५३८१।६४ | | ३१२८९२८७।२४ | ७५७८८९२०।२० | ५५६८९४८३।१० |
| आयुर्वेद शाखा | | ३५४९३० | | ५१३८६५ | ७२६५० | ४१६५० |
| गाउँपालिका पुजिगत | ६८२१८०२३।३३ | ७८३३०५।६६ | | ३१७९८५६९।४३ | ३५६३६१४८।२१ | १८३७७०१४।२१ |
| शशर्त अनुदान पुजिगत | २०६४९९७४ | ० | | १९७००० | २०४५२९७४ | ११४९१९७४ |
| प्रदेश सरकार पुजिगत | १३०१९२२७।६० | ० | | ३१७१७८५ | ९८४७४४२।६० | ६१००४६७ |
| | १०१८८७२२४।९३ | ७८३३०५।६६ | | ३५१६७३५४।४३ | ६५९३६५६४।८१ | ३५९६९४५५।२१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १० करोड १८ लाख ८७ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. ७८ लाख ३ हजार अर्थात ०.७६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ३५ लाख १६ हजार अर्थात ३४.५१ प्रतिशत र तेश्रो चौमासिकमा रु.६ करोड ५९ लाख ३६ हजार अर्थात ६४.७१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासिकमा कुल खर्चको ६४.७१ प्रतिशत र आषाढ महिनामा मात्र ३५.३० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।यसरी आर्थिक वर्षको अन्तयमा खर्चको चाप वढ्नाले कामको गुणस्तरमा कमी आउने सक्ने , जनताले समयमै सेवा पाउने अवसर वाट

<table>
<tr><td></td><td></td><td></td><td>वञ्चित हुन सक्ने र आर्थिक अनियमितता समेत हुन सक्ने जोखिम रहने हुदा स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म २२ वटा ऐन, ५ वटा नियमावली, ३ वटा कार्यविधि १३ र निर्देशिका १गरी जम्मा २२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कल्याण कोष — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु ५ लाख रकम ट्रान्सफर गरेको छ। उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्वन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।<br>
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>0</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td>0</td></tr>
<tr><td>जन्मदर्ता मृत्युदर्ता</td><td>१२०६</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२२</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह सन्तोष जनक देखिएन।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न ११ पदमा ३४ जना कर्मचारीहरु करारमा राखी रु. ९८६२३५२।०० खर्च लेखेको छ । | |
| १६ | | | **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 0 र यो बर्ष थप भएको ६ गरी कुल ६ विवाद दर्ता भएकोमा ३ वटा फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १७ | | | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । मिति २०७७।११।६ मा कार्यपालिका वाट निर्णय (नि न ४) गरी पालिकामा कार्यरत करारका प्राविधिक ५ कर्मचारीलाइ स्थानिय भत्ता वापत रु ४८१८००।०० खर्च लेखेको नियमसंम्मत नभएको रु ४८१८००।०० | ४८१,८०० |
| १८ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ माक स्थानीय तहले सघिय सरकार वाट प्राप्त अनुदान वाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष आर्थिक सहायता वितरणमा रु. १२४४०००।०० खर्च गरेको जनाएको छ ।।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १९ | | | **खाना तथा विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ७५०६५७।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २० | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको | |

<table>
<tr><td></td><td></td><td></td><td>संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>प्रमाण पेशः सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३ को १ घ अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। १९३।०७८।१२।०९ मा क्रियटिभ एडुटेन्मेट वल्ड प्राइभर्ट वाट कक्षा १ देखी ३ सम्मको २८७५ थान पुस्तक खरीद गरी रु ४९९९७५।००, ३४४।०७९।३।१८ मा टेड्र एण्ड जनरल सप्लायर्श वाट कक्षा ४ देखी ८ सम्म २८५७ थान पुस्तक रु ४९९९९७५।०० र १४६।०७९।३।१९ मा क्षितिज टेड्र इन्टरनेशनल वाट २२८६ थान पुस्तक ४०००५०।०० खरीद गरेकोमा लेखापरीक्षण अवधि सम्म कक्षा १ देखि ३ सम्मको १६१६ थान ,कक्षा ४ देखी ८ सम्मको १९९७ थान र ७/८ कक्षाको १४७१ थान पुस्तक वितरण गर्न बाँकि भएकोले सो को वितरणको भरपाइ पेश हुनुपर्ने रु ८८५७२५।७०</td><td>८८५,७२६</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>प्रमाण पेशः आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।१३२।०७८।१०।२६ मा दिगो विकास साझेदारी कार्यक्रम संञ्चालन अन्तर्गत वाठपाला वाखा स्रोत केन्द्र विकास केन्द्र लाइ (७५ पालिका वाट र २५ प्रतिशत सम्वन्धित फर्मवाट) व्यहोर्ने गरी रु ९ लाख अनुदान उपलव्ध गराएकोमा लेखापरीक्षणको समयमा उक्त फर्म ले के कति दरमा कति परिमाणमा वाखा खरिद गरी समुहमा आवद्ध समूहलाइ वितरण गरेको हो सो संग सम्वन्धित प्रमाण कागजात पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु ९०००००।००</td><td>९००,०००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पदाधिकारी सुविधा — स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधाको दर अनुसार गाउँसभा सदस्य ३७ जनाको सुविधा बापत बार्षिक रु. ५३६५५००।०० खर्च भएको देखियो ।
<table>
<tr><td>सि.नं</td><td>विवरण</td><td></td><td></td><td>वडाअध्यक्ष ०७ जना</td><td>कार्यपालिका सदस्य ०६ जना</td><td>सभाका सदस्य २२</td><td>जम्मा</td></tr>
<tr><td></td><td></td><td>अध्यक्ष</td><td>उपाध्यक्ष</td><td></td><td></td><td>जना</td><td></td></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>५०००</td><td>३०००</td><td>२९०००</td><td>२६०००</td><td></td><td>६३०००</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td></td><td>९००००</td><td>८००००</td><td></td><td></td><td>१७००००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टेलिफोन,मोबाइल | ६०००० | ५०००० | २४५००० | १८०००० | ४४०००० | ९७५००० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ५०००० | ४५००० | २८०००० | २१०००० | ४४०००० | १०२५००० |
| ५ | समन्वय तथा सहजीकरण | ९०००० | ७०००० | ४२०००० | ३००००० | ६६०००० | १५४०००० |
| ६ | अतिथि सत्कार | १००००० | ९०००० | ४९०००० | | | ६८०००० |
| ७ | खानेपानी/बिजुली/ | ३५००० | ३०००० | १४०००० | १२०००० | २२०००० | ५४५००० |
| | सरसफाई | | | | | | |
| ८ | चाडपर्व खर्च | २५००० | २२५००० | ११२००० | ५४००० | १५४००० | ३६७५०० |
| | जम्मा | ३६५००० | ६०३००० | १७९६००० | ८९०००० | १९१४००० | ५३६५५०० |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **कानूनी सल्लाहकार** - सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्ध सम्वन्धि ऐन २०७५ जारी गरेको छ यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ ।पालिका द्धारा मोहन वहादुर दोल्याललाइ सल्लाहकार नियुक्त गरी वार्षिक रु २९२५००।०० पारिश्रमिक भुक्तानि दिएको अनियमित देखिएको रु | २९२,५०० |
| २५ | 102 | २०७८ -११-२५ | **बढि भुक्तानि** m- मौलालि खानेपानि निर्माण उपभोक्ता समितिलाई खानेपानि योजना निर्माण वापत रु ७५५५४४। भुक्तानि दिएको छ ।उक्त काम गर्न उपभोक्ता समिति संग रु ९७१०१२। को संझौता भएकोमा सो बराबर काम काम गरेमा उपभोक्ता समितिलाई ७६०००००। भुक्तानि दिने उल्लेख छ ।उपभोक्ता समितिले रु ९५६५७३।काम सम्पन्न गरेको छ ।काम सम्पन्न भय अनुसार उपभोक्ता समसतसलाई रु७४८६९८। भुक्तानि दिनु पर्नेमा ७५५५५४। भुक्तानि दिएकोले बढि भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु | ६,८४५ |
| २६ | | | **जटिल निर्माण संरचना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| भौ न ।मिति | उपभोक्ता समिति | काम | रकम |
|---|---|---|---|
| १९९।०७९।३।१५ | • वार्ड नं २ प्रशासनिक भवन निर्माण उ स | वार्ड नं २ प्रशासनिक भवन निर्माण | ३३१५६६७। |
| २०१।०७९।३।१७ | वार्ड नं ७ प्रशासनिक भवन निर्माण उ स | वार्ड नं ७ प्रशासनिक भवन निर्माण | ३२५१८३०। |
| २२४।०७८।११।२३ | वार्ड नं ४ प्रशासनिक भवन निर्माण उ स | वार्ड नं ४ प्रशासनिक भवन निर्माण | ३३२३२३२। |
| | | जम्मा | ९८९०७२९। |

२७

**नन्फाईलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु९५३९०। समेत रु ८२८७७२। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानुनि ब्यबस्था अनुसार कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ रु

९५,९३०

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानि रकम | मु अ कर | बिजक मिति | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| १३८।०७८।१२।१३ | डोलारि हार्डवेयर<br>६१४८८७३९८ | ४९९४८४। | ५७५०८। | ५।०७८।१२।८ | २०७८ पौष देखि |
| १६०।०७९।१।१३ | डोलारि हार्डवेयर<br>६१४८८७३९८ | ३२९२८८। | ३७८८२। | ८।०७८।११।३० | २०७८ पौष देखि |
| | जम्मा | ८२८७७२। | ९५३९०। | | |

<table>
<tr>
<td>२८</td>
<td></td>
<td></td>
<td>गत बर्षको भुक्तानि - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१३) अनुसार गत बर्षको भुक्तानि दिन बाँकिको बिबरण तयार गरि सो बिबरण प्रमाणित गरि भुक्तानि दिनु पर्नेमा गत बर्ष भुक्तानि दिन बाँकिको बिबरण तयार नगरि देहाय अनुसार भुक्तानि दिएको अनियमित रु
<table>
<tr><td>भौ न । मिति</td><td>काम</td><td>रकम</td></tr>
<tr><td>२४।२०७८।९।७</td><td>जग्गा खरिद</td><td>६५००००।</td></tr>
<tr><td>२७।२०७८।९।२४</td><td>जग्गा खरिद</td><td>६५००००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३०००००।</td></tr>
</table>
</td>
<td>१,३००,०००</td>
</tr>
<tr>
<td>२९</td>
<td></td>
<td></td>
<td>डि पि आर निर्माण - बजेट व्यवस्था भईकार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदनतयार गर्नु पर्दछ ।पालिकाले स्वास्थ्य भबन डि पि आर निर्माण वापतमस्क डियरईन्जिनियरिङलाई रु ९९६३३७। भुक्तानि दिएको छ । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिकजनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामीदिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३०</td>
<td></td>
<td></td>
<td>निर्धारित क्षतिपुर्ति - सार्बजनिक खरिद नियमावलि २०६४ कव नियम १२५ ख अनुसार निर्माण ब्याबसायिको कारणले तोकिएको समयमा काम सम्पन्न हुन नसकेमा निजले सार्बजनिक निकायलाई संझौता रकमको दश प्रतिशत नबढ्ने गरि प्रतिदिन सुन्ना दशमलब सुन्ना प्रतिशतका दरले निर्धारित क्षतिपुर्ति दिनु पर्ने उल्लेख छ । देहायका निर्माण ब्याबसायिले देहाय अनुसारका काम सम्पन्न गर्ने गरि संझौता भएकोमा निर्माण ब्याबसायिले तोकिएको समयमा काम सम्पन्न गरेका गरेका छैनन् । समयमा काम सम्पन्न नगर्ने निर्माण ब्याबसायिबाट नियममा ब्यबस्था भय बमोजिम निर्धारित क्षतिपुर्ति बापतको रकम असुल हुनु पर्दछ रु
<table>
<tr><td>काम</td><td>निर्माण ब्याबसायि</td><td>संझौता रकम</td><td>संझौता मिति</td><td>सम्पन्न हुनु पर्ने</td><td>सम्पन्न भएको</td><td>ढिलो दिन</td><td>क्षतिपुर्ति रकम</td></tr>
<tr><td>बागजड तलि सडक</td><td>दुनिर खापर कन्सट्रक्सन</td><td>१२६७८४९।</td><td>२०७७।४।९</td><td>संझौताको ९ महिना भित्र</td><td>२०७८ असोज १५ गते</td><td>१५७ दिन</td><td>९९५२६।</td></tr>
</table>
</td>
<td>२७७,९४६</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सामुदायिक भवन निर्माण</td><td>ओडखेत निर्माण सेवा</td><td>१७८४२०९।</td><td>२०७७।३।२२</td><td>संझौताको ९ महिना भित्र</td><td>२०७८ मिंर २९</td><td>२४७ दिन</td><td>१७८४२०।</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२७७९४६।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td>२१</td><td>२०७९ -३-२२</td><td>बढि भुक्तानि - आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५) अनुसार लेला राख्दा बिल भरपाई सहित राखु पर्ने उल्लेख छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत पालिकाले वार्ड नं ६ को प्रशासनिक भबन घेरा बारका लागि कार्य गर्ने निर्माण कम्पनि नुवादेउ कन्स्ट्रक्सनलाई भौ न २१।०७९।३।३२ बाट मु अ कर बाहेक रु १०५१५४५। को काम सम्पन्न गरेकोमा उक्त रकममा मु अ कर रु २२०४७०। जोडि भुक्तानि दिएको छ । काम सम्पन्न रकमको मु अ कर रु १३६६९१।हुन आउदछ । बढि मु अ कर भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु —</td><td>८३,७७९</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष देहाय अनुसार मोटर साईकल खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><td>भौ न ।मिति</td><td>फर्मको नाम</td><td>रकम</td></tr>
<tr><td>२०।०७८।९।४</td><td>दिनेश अटोमवाईल्स</td><td>२८६०९३।</td></tr>
<tr><td>५२।०७८।१०।२३</td><td>फारवेष्ट अटोमोबाईल्स</td><td>२७९०००।</td></tr>
<tr><td>५३।०७८।१०।१५</td><td>दिनेश अटोमवाईल्स</td><td>२७४५५०।</td></tr>
<tr><td>१८४।०७९।३।९</td><td>फारवेष्ट अटोमोबाईल्स</td><td>२९८०५०।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११३७६९३।</td></tr>
</table>
</td><td>१,१३७,६९३</td></tr>
<tr><td>३३</td><td>२१७</td><td>२०७९ -३-२३</td><td>बढि भुक्तानि</td><td>४८६,०१६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | रनफल खानेपानि सामग्रि खरिद तथा लाईन बिस्तारका लागि कन्टेन्जेन्सि बाहेक लागत अनुमान रु ६०३६७९। रहेको, कन्टेन्जेन्सि रु २५०००। जोडि रु ६२८६७९। मा उपभोक्ताले रु १२८६७९।र पालिकाले रु ५०००००। ब्यहार्ने गरि उपभोक्ता समितिसंग संझौता भएको छ । कुल काम रु १३३१८४। मात्र सम्पन्न भएको छ ।संझौता अनुसार रु ६०३६७९। काम गरेमा कन्टेन्जेन्सि कटाई रु ४७५०००।उपभोक्ता समितिलाई भुक्तानि दिनु पर्दछ ।कुल काम १३३१८४।गरेकोमा रु १०४७९२। खर्च लेखु पर्नेमा रु ५९०८०८। खर्च लेखेको छ ।भुक्तानि पाउनु पर्ने भन्दा बढि खर्च लेखेको रकम असुल हुनु पर्दछ रु–.. | |
| ३४ | २६ | २०७९-३-२२ | **बढि कन्टेन्जेन्सि** - संघिय मामिल तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।१०।१७ को पत्र अनुसार उच्च पहाडि तथा हिमालि क्षेत्र सम्बृदि कार्यक्रम सञ्चालन कार्यबिधि २०७८ अनुसार उकेत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा ४ प्रतिशत मात्र कन्टेन्जेन्सि काट्नु पर्ने उल्लेख छ।भौ न २६।०७९।३।२२ बाट बसुन्धारा रातामाटा सडक निर्माणका लागि कुल लागत अनुमान रु ८२१४४५७। मा कार्यालयको अंश रु ६५०००००। रहेको छ । कार्यालयको अंशमा रु २६०००००। कन्टेन्जेन्सि काट्नु पर्नेमा रु ३२५०००। कन्टेन्जेन्सि काटेको छ। नियमानुसार भन्दा बढि काटेको रकम असुल गरि सञ्चित कोषमा दाखिला हुनु पर्ने रु– | ६५,००० |
| ३५ | | | **म्याद थप**<br><br>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत वार्ड नं ६ को प्रशासनिक भबनको निर्माण कार्य गर्न लागत अनुमान मु अ कर सहित रु ५५६५७००। रहेकोमा सबै भन्दा कम कबोल गर्ने रुब्श निर्माण सेवा संग मिति २०७८ चैत्र १३ गते ३ महिना भित्र सम्पन्न गर्ने गरि रु ३११६०४६। मा संझौता भएको छ। निर्माण ब्याबसायिले २६।०७९।३।२४ बाट प्रथम रनिङ बिल बापत रु १४७१४७५। भुक्तानि लिएको छ । लेखापरीक्षणको अबधि मिति २०७९ भाद्र २५ सम्म पनि काम सम्पन्न भएको छैन । साथै समयमा काम सम्पन्न नभएको अबस्थामा कामको म्याद थप समेत भएको देखिइन । | |
| ३६ | | | **शिक्षक दरवन्दी मिलान** - पालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन। | |
| ३७ | | | **कृषिमा अनुदान** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन ।अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । नमूना छनौटको रुपमा केहि भौचरको छनौट गर्दा देहायको कृषक समूहलाइ अनुदान वितरण गरेको पाइयो | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अनुदान पाउनेको सस्था वा समुह</td><td>रकम</td><td>उदेश्य</td></tr>
<tr><td>राजेश वहुउदेशिय पशुपंक्षी फर्म</td><td>२०००००</td><td>वाखा पालन</td></tr>
<tr><td>दौल्ला महिला कृषक समुह</td><td>३६००००</td><td>विउवितरण</td></tr>
<tr><td>शुभ विहानी कृषक समुह</td><td>१७२७५०</td><td>आलु खेति</td></tr>
<tr><td>सुल्झन भेडा वाखा फर्म</td><td>१५००००</td><td>पशु पालन</td></tr>
<tr><td>भुमिदेव भेडा वाखा फर्म</td><td>१५००००</td><td>पशु पालन</td></tr>
<tr><td>कुखुरा पालक समुह</td><td>३३४३२०</td><td>चल्ला वितरण</td></tr>
<tr><td>च्याग्रा पालक समुह</td><td>४५००००</td><td>च्याग्रा वितरण</td></tr>
<tr><td>भुपेश वहुउदेशिय कृषि तथा पशुपंक्षी फर्म</td><td>१२१६४०</td><td>पशुपालन</td></tr>
<tr><td>मष्टा माडु कृषक समुह</td><td>३४६६९९</td><td>तरकारी खेती</td></tr>
<tr><td>असल मत्सय विकास समुह</td><td>१९५४०००</td><td>माछा पोखरी</td></tr>
<tr><td>कालिका फलफुल तथा तरकारी खेती समुह</td><td>१८६८२९</td><td>विउ वितरण</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>दिर्घ कालिन सम्झौता - असल मत्स्य विकास समुहलाई माछा पालनकोलागी चाहिने माछाको भुरा, दाना राख्ने पलाष्टिक डम , फिस फिड , वाल्टी र सोलार सिस्टम सहितको लामो समय सम्म खप्ने प्रकृतिको तारवार घेरा सहितको पालेघर, पक्की पोखरी निर्माण गर्दा १९५४००० खर्च गरेकोमा उक्त जग्गाको भाडा एक वर्ष सम्मको मात्र भुक्तानि भएको छ ।जग्गा धनि संग पोखरीको आयू अनुसारको दिर्ध कालिन अवधीको सम्झौता गरेको पाईएन</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>औषधी खरिद - क औषधि खरिद सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १ क मा रु. २० लाखसम्मको औषाधिजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकासन गरी तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लिखित सीमाभन्दा बढीको सोझै खरिद गर्न नहुने</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लेख छ। पालिकाले पटक पटक गरी विभिन्न मितिमा वर्ष भरिमा कुल रु २८५१५५५।२४ वामोजिमको औषाधिजन्य मालसामान खरिद गर्दा सोझै खरिद गरेको छ ।<br><br>ख पालिकालाई आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाणसमावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ४० | | | **नम्सको पालना** - नम्सको पालना अर्थमन्त्राल सञ्चालन निर्देशिका २०७५ को दफा ७.१.१५ सि न ४ मा तालिम केन्द्र बाहेक अन्य निकाय बाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिक नगरपालिका र गाउपालिका स्तरमा प्रति सत्र रु १००० मात्र पाइने व्यवस्था छ । पालिका भित्र सञ्चालित निम्न बमोजिमको तालिम,सेमिनार र गोष्ठी सञ्चालन गर्दा नंम्स भन्दा बढी पारिश्रमिक लिने गरेको असुल हुनु पर्न | २०,१७५ |

| गो भा न<br>मिति | कार्यक्रमको नाम | कर्मचारीको नाम | भुक्तानि रकम | बढी भुक्तानि | कर कट्टि वाहेक बढी भुक्तानि | बापत |
|---|---|---|---|---|---|---|
| ९९।०७९।२।२७ | वहुक्षेत्रिय पोषाण | सुरेश व रावल | २३५०० | ८५०० | ७२२५ | प्रशिक्षण |
| १५३।२०७९।३।१९ | एन एम एच अपडेट, प्रसुति स्याहार घरभेट कार्यक्रम, नसर्ने रोग अभिमुखिकरण , अन साईट कोचिग | वम वहादुर भण्डारी | ११२०० | ३२०० | २७५० | प्रशिक्षण |
| | | दिपक वा ऐडी | ८४०० | १२०० | १०२० | प्रशिक्षण |
| | | तिर्थराज भट्ट | ५६०० | १६०० | १३६० | प्रशिक्षण |
| १७८।२०७९।३।२३ | पंजिकरण तालिम | दिपक विष्ट | ४२०० | १२०० | १०२० | संयोजन |
| १७८।२०७९।३।२३ | पंजिकरण तालिम | केशवराज जोशि | १२००० | ८००० | ६८०० | प्रतिवेदन |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>कुल जम्मा</td><td></td><td></td><td>२०१७५</td><td></td></tr></table>
प्रारम्भिक प्रतिवेदन उपर असुल भई भौचर पेश भएको आधारमा मिति २०७९-१२-२३ को निर्णयाबाट रु. १२७५। सम्परीक्षण गरिएको ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>विद्यालयगत निकासा खाता - पालिकाले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>वितरण भरपाइ पेश नभएको - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ परिच्छेद ७ को दफा २५ मा वैङ्कले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम,वैङ्क खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ वमोजिमको त्रैमासिक रुपमा सम्वन्धित स्थानिय तहलाइ विधुतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिका वाट यस वर्ष दोस्रो त्रैमासिक रु १८८५३९७६।००, तेस्रो त्रैमासिक रु १९०६६९७६।०० र अन्तिम त्रैमासिक रु १९४०५७७१।०० कुमारी वैङ्क लि (वडा न १ देखी ७) लाइ गरी जम्मा रु ५७३२६७२३।०० निकासा भएकोमा लाभग्राहिको खातामा रकम जम्मा भएको प्रमाण पेश हुनु पर्ने रु</td><td>५७,३२६,७२३</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>नागरिकता प्रमाण नं - नेपाल सरकारबाट प्रदान गरिने नागरिकतामा नागरिकता प्रमाण नं. अनिवार्य हुने गरि नागरिकता उपलब्ध गराउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पहिलो किस्तामा सामाजिक सुरक्षा भुक्तानी गर्दा नागरिकता नं. वेगर भएको देखियो । निम्न वडाका निम्न लाभग्राहीहरुको नागरिकता प्रमाण नं खुलेको बिवरण पेश भएको नदेखीएकोले सो सम्वन्धमा पालिकावाट एकीन हुनुपर्ने रु ४४३३२७।००
<table>
<tr><th>वडा नं.</th><th>लाभग्राहीको नाम</th><th>भत्ताको किसिम</th><th>जन्म मिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६</td><td>गोपि कामी</td><td>जेष्ठ नागरिक</td><td>8/21/1996</td><td>12000</td></tr>
<tr><td>६</td><td>चन्द्रा देवी जाग्री</td><td>"</td><td>12/30/1982</td><td>12000</td></tr>
<tr><td>६</td><td>पटिङ्गी देवी धामि</td><td>"</td><td>1/1/2001</td><td>12000</td></tr>
<tr><td>६</td><td>भुकुटी देवी कामी</td><td>"</td><td>1/10/2004</td><td>12000</td></tr>
<tr><td>६</td><td>रुद्रमती देवी कामी</td><td>"</td><td>1/25/1995</td><td>12000</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६ | लक्ष्मी देवी जाग्री | " | 7/5/1988 | 12000 |
| ६ | निसा कुमारी जाग्री | अति अशक्त अपाङ्ग | 1/10/2066 | 6384 |
| ६ | पशुपती महत | " | 1/20/2074 | 4265 |
| ६ | महेश जाग्री | " | 9/4/2064 | 6384 |
| | जम्मा रकम | | | 89033 |
| वडा नं. | लाभग्राहीको नाम | भत्ताको किसिम | जन्म मिति | भुक्तानी रकम |
| १ | किडभाउली थापा | जेष्ठ नागरिक | 12/30/2000 | 12000 |
| " | केउदी देवी थापा | " | 4/4/2006 | 12000 |
| " | जयलक्ष्मी थापा | " | 12/30/2001 | 12000 |
| " | जला दमाई | " | 7/15/1996 | 12000 |
| " | जुना तिरुवा | " | 12/30/2000 | 12000 |
| " | जौमित सार्की | " | 10/5/1990 | 12000 |
| " | ज्ञान बहादुर थापा | " | 2/7/1998 | 12000 |
| " | डल्ली देवी खाती | " | 12/30/1996 | 12000 |
| " | डल्ली देवी थापा | " | 12/30/1991 | 12000 |
| " | धना थापा | " | 1/30/2001 | 12000 |
| " | धर्मा देवी थापा | " | 5/15/1994 | 12000 |
| " | नट्टी सार्की | " | 6/1/1996 | 12000 |
| " | नन्नु देवी ओड | " | 4/1/2001 | 12000 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | " | पदु देवी थापा | " | 1/15/2003 | 12000 | | |
| | | | " | बुनदेवी थापा | " | 3/17/1987 | 12000 | | |
| | | | " | भुन्टी देवी बडु | " | 3/15/2004 | 12000 | | |
| | | | " | रत्ना थापा | " | 4/1/2003 | 12000 | | |
| | | | " | रामकला थापा | " | 9/25/1996 | 12000 | | |
| | | | " | रामडल्ली धामी | " | 1/2/2003 | 12000 | | |
| | | | " | लक्ष्मी देवी दमाई | " | 7/2/1984 | 12000 | | |
| | | | " | सिता देवी थापा | " | 12/30/1986 | 12000 | | |
| | | | " | सुद्धिमती थापा | " | 12/30/1986 | 12000 | | |
| | | | " | सुना देवी खाती | " | 12/30/2001 | 12000 | | |
| | | | " | सुना सार्की | " | 12/30/2004 | 12000 | | |
| | | | " | हरिकला थापा | " | 1/2/1995 | 12000 | | |
| | | | " | हिमकला थापा | " | 4/1/2007 | 12000 | | |
| | | | " | भुन्टी देवी सार्की | एकल महिला | 4/8/2009 | 7980 | | |
| | | | " | पानकी रावल | " | 6/11/2025 | 7980 | | |
| | | | " | पुनी देवी रावल | " | 5/3/2024 | 7980 | | |
| | | | " | विपिन कुमारी थापा | पूर्ण अपाङ्ग | 1/10/2065 | 11970 | | |
| | | | " | मिठु थापा | अति अशक्त अपाङ्ग | 4/5/2016 | 6384 | | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा रकम | | | 354294 |

४४ **तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था रहेको ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ ।

४५ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर वहाल विरौटी शुल्क लगायतका कर तथा शुल्क असुल गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त ऐन अनुसार यस वर्ष उक्त आय शीर्षकमा आय अनुमान र असुली गरेको स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५००००० | ३५०००० | ७० |
| घरजग्गा वहाल कर | २६०००० | १८४३५३।०० | ७० |
| व्यवसाय कर | १५०००० | ३१६१० | २२ |
| अन्य | १५९०००० | १९८९५१५ | १२५ |

पालिका आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

४६ **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिका र वडा कार्यालयमा प्रयोग गरेका रसिद ठेली हरु के कति छपाइ एव प्रयोग भए सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद ठेलिहरु के कति प्रयोग भएका एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ कार्यालयबाटै एकिन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व

<table>
<tr><td></td><td></td><td></td><td>असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने तर्फ विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १२ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम नियमावलीको व्यवस्था अनुसार समयमै बैंकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ ।पालिका वाट यस वर्ष दाखिला गर्नु पर्ने रु ५४७९२।००<br>
<table>
<tr><th>सि.न.</th><th>वडा तथा शाखाको राजश्व उठाउने व्यक्ति</th><th>राजश्व रसिद जोड्दा हुन आउने रकम</th><th>वैंक स्टेटमेन्ट अनुशार वैंक दाखिला भएको रकम</th><th>वैंक दाखिला गर्न वाँकी रकम</th><th>जम्मा असुल</th></tr>
<tr><td>१</td><td>वडा नम्वर १ सचिव दिर्घ वहादुर रावल</td><td>६८७२६</td><td>४३७३२</td><td>२४९९४</td><td>२४९९४</td></tr>
<tr><td>४</td><td>वडा नम्वर ४ सचिव विशाल वहादुर सिंह</td><td>११४३९८</td><td>९३०००</td><td>२१३९८</td><td>२१३९८</td></tr>
<tr><td>८</td><td>गाउँपालिका तर्फ राजश्व उठाउने कर्मचारी कमला कुमारी रावल</td><td>३८७००</td><td>३०३००</td><td>८४००</td><td>८४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५४७९२।००</td></tr>
</table></td><td>५४,७९२</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता<br><br>गाउँपालिकाको रसिद नियन्त्रण खातामा दर्ता भएका राजश्व रसिदको प्रयोग गर्नुको सट्टा देहायवमोजिमको वडाले आफैले राजश्व रसिद छपाई</td><td></td></tr>
</table>

प्रयोग गरेको पाईएको छ भने कतिपय वडा र शाखाले आफैले छपाएका रसिद तथा रसिद नियन्त्रण खातामा दर्ता गरी वुझेका रसिद फिर्ता नगरेको पाईएको छ । यसरी रसिद नियन्त्रण खातामा दर्ता नगरी राजश्व रसिद प्रयोग गर्दा तथा रसिद नियन्त्रण खातामा दर्ता गरी वुझेका रसिदहरु फिर्ता नगर्दा राजश्वको हिनामिनाको आशंका हुने भएकाले यस्तो कार्यमा नियन्त्रण गरिनु पर्दछ ।

| सि.न. | वडा कार्यालयको कर्मचारीको नाम | आफैले छपाएका रसिद | फिर्ता नगरेको रसिद |
|---|---|---|---|
| १ | वडा नम्वर १ सचिव दिर्घ वहादुर रावल | – | मालपोत रसिद |
| | | | ११९९–१२०० |
| २ | वडा नम्वर २ सचिव रुपा कुमारी जोशी | १००१–१०५० | – |
| ३ | वडा नम्वर ४ सचिव विशाल वहादुर सिंह | १०१–१५० | १०१–१०२ |
| | | २०१–२५० | मालपोत रसिद |
| | | ३०१–३५० | २८०१–२९०० |
| ५ | स्काईभेटर चालक गणेश वहादुर धामी | – | ८०१–८५० |
| ६ | कमला कुमारी रावल | – | ८५९ र |
| | | | ८७४–८७६ |

४९ **आन्तरिक राजश्व वाफतको रकम चालु खर्च खातामा दाखिलाः** गाउँपालिकाका एम्वुलेन्स चालक सिद्धराज थापाले एम्वुलेन्सको सञ्चालन वाट उठेको राजश्व वाफतको रकम रु १,००,७२५ आन्तरिक राजश्व खातामा दाखिला नगरी चालु खर्च खातामा दाखिला गरेको पाईएको छ । यसरी आन्तरिक राजश्व वातको रकम आन्तरिक राजश्व खातामा दाखिला गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५० **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा

<table>
<tr><td></td><td></td><td></td><td>प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>२९६९४०६६१</td><td>२५५५४७८</td><td>०.८६</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>स्थानीय भत्ता - महंगी भत्ताः नेपाल सरकार अर्थ मन्त्रालय च न १७१९ मिति २०७९।१।२१ को परिपत्र अनुसार करारमा कार्यरत कर्मचारीलाई महंगीभत्ता दिन नमिल्ने उल्लेख छ । पालिकाले देहायका करार कर्मचारी लाई परिपत्र संग मेल नखाने सम्झौता गरी दिन नमिल्ने महंगी भत्ता भुक्तनी गरेको रु<br><table><tr><td>नाम</td><td>पद</td><td>रकम</td></tr><tr><td>प्रदिपकुमार खड्का</td><td>उद्धम सहज कर्ता</td><td>२४०००</td></tr></table>प्रारम्भिक प्रतिवेदन उपर असुल भई भौचर पेश भएको आधारमा मिति २०७९-१२-२३ को निर्णयाबाट रु. २४,०००। सम्परीक्षण गरिएको ।</td><td>२४,०००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>जिन्सि आम्दानी<br><br>आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा खरिद गरी वा नगरी जुनसुकै माध्यमबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण र मुल्य खुलाइ सम्मपत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनु कार्यालय प्रमुखको कार्य हुने उल्लेख छ । यथासिघ्र जिन्सी मालसामानहरु लिलाम विक्रि/ मर्मत गर्नुपर्ने भए सो गरी मूल्य नखुलेका मालसामानहरुको यथासिघ्र मूल्य खुलाई जिन्सी सामानहरु PAMS(Public Assets Management System) मा अध्यावधिक गरी जिन्सी सामानहरुको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका वाट गो भौ न १५४।२०७९।३।२० मा कृषक सुचिकरण कार्यक्रम सचालन गर्न भनि मामा भान्जा कम्प्यूटर एण्ड मोवाईल ग्यालरी वाट खरिद गरीएका निम्न सामाग्रिहरुको जिन्सी अभिलेख नभएकोले सो को जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु ९९०००।४३</td><td>९९,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>समानको नाम संख्या मुल्य रेड मि नोट मोवाईल सेट १ ४५००१।१२ सामसुग एम ३२ मोवाईल सेट २ ५३९९९।३१ जम्मा ९९०००।४३</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>कर कट्टी - पारीश्रमिक कर कट्टा नगरेको :- आयकार एन ५८ को दफा ८८, ८९ अनुसार परामर्श दाता संग सेवा लिदा मु अ कर विजक लिई अग्रीम रुपमा कर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले मत्स्य विकास कार्यक्रमको सम्भाव्यता अध्ययन वापत गो भौ न ५७ मिति २०७८।१२। ६ मा विज्ञ परामर्सदाता डा शिवराज श्रेष्ठ संग सम्झौता वेगर मु अ कर विजक प्रापत नगरी रु ४०००० भूक्तानी गरेकोले १५ प्रतिशत कर असुल हुनु पर्ने रु ६०००</td><td>६,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>भुक्तानीमा कर कट्टी तर्फ - भुक्तानी गर्दा आयकर ऐनको दफा ८७, ८८, ८८क र ८९ बमोजिम आयकर कर कट्टी गरेर भुक्तानि गर्नुपर्नेमा पालिका वाट निम्न व्यक्ति फर्म र सस्था वाट कट्टि नगरी भुक्तानि भएको असुल हुनुपर्ने रु ४१७४१।0
<table>
<tr><td>गो भौ न</td><td>व्यक्ति फर्म सस्था</td><td>विवरण</td><td>कट्टि भएको</td><td>कट्टि हुनुपर्ने</td><td>दाखिला गर्नुपर्ने</td></tr>
<tr><td>२७६—२०७९।२।१९</td><td>शिवशक्ति पोल्ट्रि फर्म</td><td>मोरीवगर देखि गाउपालिका सम्म कुखुराका चल्ला ढुवानि वापत गाडि भाडा रु २००००।००</td><td>छैन</td><td>२०००</td><td>२०००</td></tr>
<tr><td>२९९—२०७९।२।१९</td><td>पार्वती देवी जप्रेल</td><td>महिला शसक्तिकरण तालिम वापत पारिश्रमिक कर कट्टा नभएको</td><td>छैन</td><td>४९५०</td><td>४९५०</td></tr>
<tr><td>६७—२०७८।१२।१५</td><td>गोरख कुमार थापा</td><td>कृर्षि कार्यक्रमको पारिश्रमिक कर कट्टि नपुग भएको</td><td>७२६०</td><td>८६८५</td><td>१४२५</td></tr>
<tr><td>१३५—२०७९।३।१५</td><td>वम वहादुर भण्डारी</td><td>स्वास्थ्य कार्यक्रम सञ्चालन वापत पारिश्रमिक कर कट्टि नपुग भएको</td><td>१३१४९</td><td>१४३०३</td><td>११५४</td></tr>
<tr><td>१५३—२०७९।३।१९</td><td>वम वहादुर भण्डारी</td><td>स्वास्थ्य कार्यक्रम सञ्चालनका लागी गाडी भाडामा लिएकोमा भाडा कर कट्टि गर्न छुट भएको</td><td>छैन</td><td>१६००</td><td>१६००</td></tr>
<tr><td>१६५—२०७९।३।२१</td><td>वम वहादुर भण्डारी</td><td>स्वास्थ्य कार्यक्रम सञ्चालन वापत पारिश्रमिक कर कट्टि नपुग भएको</td><td>१२३७५</td><td>१३६७०</td><td>१२९५</td></tr>
</table></td><td>३३,०६६</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| १७९—२०७९।३।२३ | वम वहादुर भण्डारी | स्वास्थ्य कार्यक्रम सञ्चालनका लागी गाडी भाडामा लिएकोमा भाडा कर कट्टि गर्न छुट भएको | छैन | ११३०० | ११३०० |
| ७६—२०७८।११।१८ | जनसहयोगि प्रा वि | विभिन्न सामानको भाडा कर कट्टि गर्न छुट भएको | छैन | ४००० | ४००० |
| १००।२०७८।११।१८ | उन्जाडा खानेपानि उ स | पारिश्रमिक भुक्तानिमा सा सू कर कट्टा नगरेको | छैन | २४६७ | २४६७ |
| २३।२०७९।३।२३ | महालिंग नि मा वि | प्राविधिक विलमा १.५ प्रतिशत कट्टि अपुग भएको | ३६२६ | ६४१२ | २८७५ |
| | जम्मा | | | | ३३,०६६। |

प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति **२०७९-१२-२३** को निर्णयाबाट रु. ८,६७५। सम्परीक्षण गरिएको ।

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **घर भाडा** - ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाले आर्थिक वर्ष २०७७।७८ सकिने वित्तिकै दुर्गाथली गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रवाट हटाएको देखिन्छ (आर्थिक वर्ष २०७८।७९ मा यस गाउँपालिकामा ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको कुनै पनि कार्यक्रम छैन ) तर गाउँपालिकाले सो परियोजनाको लागि भन्दै घरधनि दिर्घराज खैर सँग सम्झौता गरी मासिक प्रतिकोठाको रु ३३०० का दरले दुई कोठाको रु ६६०० का दरले १२ महिनाको जम्मा रकम रु ७९२०० वाट वहाल कर कट्टी गरी रु ७१२८० भुक्तानी गरेको देखिएको छ । सो रकम भुक्तानी गर्दा सुत्र भौचरमा उक्त संस्था ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको घर भाडाको लागि भुक्तानी भएको भन्ने कुरा उल्लेख भएको छ । अतः उक्त संस्थावाट असुल हुनु पर्दछ । | ७१,२८० |
| ५६ | | | **अनुगमन भत्ताः-** भ्रमण खर्च नियममावली २०६४ को नियम २१ मा भ्रमण वा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ मा भ्रमण समाप्त भएपछि नियमानुसार दैनिक तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाको अनुगमन गरेको भनी जनप्रतिनिधी तथा कर्मचारीलाई अनुगमन खर्च वापत रु ४३७७२३।०० भुक्तानी गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै कुन कुन योजनाको अनुगमन गरियो सो को अभिलेख सहितको प्रतिवेदन पेश गरेको देखिएन । योजना अनुगमन गरेको मिति, योजना अनुगममनमा देखिएका समस्या र भविष्यमा गर्नु पर्ने सुधार सहितको प्रतिवेददन पेश गर्नुपर्नेमा प्रतिवेदन नदिइ खर्च लेख्दा अनुगमन भएको पुष्ट्याई हुन सकेन । साथै आफ्नै पालिकाको कार्यक्रम अनुगमनन गरेको उल्लेख गरि दिएको अनुगमन भत्ता उपयुक्त देखिएन । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ५७ | | | **सेनिटरी प्याड खरिद** - क सेनिटरी प्याड : सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन गो भौ न १७।२०७८।७।२५ वाट श्रीयस सर्जिकलवाट कोटेशनवाट प्रति पकेट रु. ७० का दरले ६८४० प्याकेटको रु. ४८०७५६।२४ , गो भौ न ३७।२०७८।१०।१७ वाट सुवेक्षा फार्मेसीवाट प्रति पकेट रु. ७१ का दरले ४४९५ प्याकेटको रु. ३१९९९९।०० र १९३।२०७९।३।२५ वाट ग्लोवल ड्रग सप्लायर्सवाट प्रति प्याकेटर रु ६० को दरले ८३४० प्याकेटको रु ४९९४८२ समेत रु १३००२३७।२४ भुक्तानी गरिएको छ । उक्त सेनिटरी प्याड विभिन्न सामुदायिक विधालयलाइ वितरण गरेको भर्पाई पेश नभएकोले सो को वितरण भरपाइको प्रमाण पेश गर्नुपर्ने रु १३००२३७।२४<br><br>ख ख सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको कममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ पालिकाको कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । | १,३००,२३७ |
| ५८ | | | **सामुदायिक विद्यालयको गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०७८७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १९९ जनालाई रोजगारी उपलब्ध गराई रु. ११९४८०००।०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन | |
| ६० | | | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको | |

| | | | | |
|---|---|---|---|---|
| | | | अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले समिति गठन गरी यस वर्ष वैठक वसी आफ्नो क्षेत्रको विपत व्यवस्थापन सम्वन्धी कार्य गरेको उल्लेख छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६१ | | | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्वको तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६२ | | | **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु ६८०५४२।०० यस वर्ष पालिका वाट विनियोजन भएको रु ५००००००।०० समेत रु. ५६८०५४२।०० ÷ आम्दानी भई आर्थिक सहयोग रु १२४४००।००,विभिन्न योजनाहरु सञ्चालन रु २०८६३४९।००,औषधि खरिद रु ४३९४०२।०० खर्च गरी बाँकी रु.१९१०७९१।०० देखिन्छ । विपद् व्यवस्थापन कोष सञ्चालनको प्रभावकारी सञ्चालन एव व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६४ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ६५ | | | **पेश्की बाकीः** | |

<table>
<tr><td></td><td></td><td></td><td>पेश्की बाकीः आर्थिक वर्षको अन्त्य सम्म वाकी रहेको देहाय अनुसारको पेश्की फछ्यौट हुनुपर्दछ ।
<table>
<tr><th>गौ.भौ.नं.। मिति</th><th>पेश्की लिने निर्माण व्ययवसायीको नाम</th><th>म्याद नघाघेको</th><th>प्रयोजन</th><th>म्याद नाघेको</th></tr>
<tr><td>११</td><td>रुबेश निर्माण सेवा मोविलाइजेशन पेश्की</td><td>३१००००</td><td>वडा कार्यालय भवन निर्माण वापत मोविलाइजेशन पेश्की</td><td>०</td></tr>
<tr><td>२१</td><td>शान्ति निर्माण सेवा</td><td>२४२०००</td><td>आधारभुत स्वास्थ्य भवन निर्माण वापत मोविलाइजेशन पेश्की</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५५२०००</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण वाट देखिएको व्यहोरा सम्वन्धमा</td><td></td></tr>
<tr><td>६६.१</td><td></td><td></td><td>६२–२०७८।१२।१४ मा वम वहादुर भण्डारीलाई भुक्तानी तथ्याङ्क अधिकृत कटक वहादुर सार्कीलाई २०७८।११।२२ देखि २०७८।११।२६ सम्म दुर्गाथली गाउँपालिकामा भ्रमण वाफतको रकम भुक्तानी हुँदा निजको स्थानीय भत्ता रु १६६२ कट्टी नभएको ।</td><td>१,६६२</td></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम रित पुगे नपुगेको चेक जाच गरी भुक्तानि दिनुपर्ने व्यवस्था रहेकोमा पालिकामा सामाजिक सुरक्षा वापतको भत्ता रकम भुक्तानि गर्दा दोहोरो परेको मा निम्न वडा सचिव वाट असुल हुनुपर्ने रु १५१९२।००
<table>
<tr><th>वडा न</th><th>वडा सचिव</th><th>विवरण</th><th>भुक्तानि</th></tr>
<tr><td>६</td><td>नविन वहादुर सिंह</td><td>दोहोरो भत्ता रंगामति देवि जाग्रि</td><td>१२०००।००</td></tr>
<tr><td>२</td><td>रुपा कुमारी जोशि</td><td>दोहोरो भत्ता त्रिशुलि भण्डारी</td><td>१५९६।००</td></tr>
<tr><td>१</td><td>दिर्घ रावल</td><td>अंकिता थापा</td><td>१५९६।००</td></tr>
</table>
</td><td>१५,१९२</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा १५१९२।०० | |
| ६७ | | | **आन्तरिक लेखापरीक्षण वाट देखिएको व्यहोरा सम्वन्धमा** | |
| ६७.१ | | | गो भौ न ३८६।०७९।३।२४ मा न्यायिक समितिको कार्यक्रम सञ्चालन वाफतको रकम मेखराज जोशीलाई भुक्तानी ।विभिन्न व्यक्तिहरुलाई भरपाई मार्फत वितरण गरेको भत्ता रकम भन्दा कुलजम्मामा वढी खर्च देखाई वढी भुक्तानी भएको रकम रु ५०००, मेखराज जोशी र मोहन वहादुर दौल्यालले दैनिक भ्रमण भत्तामा नियमानुशार वुझ्नुपर्ने रकम भन्दा क्रमशः रु २९२६ र १७६० वढी वुझेको गरी जम्मा रु ९६८६ वढी भुक्तानी भएको देखिन्छ तर उक्त कार्यक्रममा पेश भएको फाईलमा भएका विल भरपाईको जोडजम्मा भन्दा रु ३००० कम मानी भुक्तानी भएकाले सो रकम उक्त वढी खर्च देखाएको रकमवाट घटाउँदा आउने जम्मा रु ६६८३ असुल । | ६,६८३ |
| ६७.२ | | | **टनेल खरिदमा वढी भुक्तानी** - <br> प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति **२०७९-१२-२३** को निर्णयाबाट रु. १६,१६३। सम्परीक्षण गरिएको । | ० |
| ६७.३ | | | गो भौ न १७७।०७८।११।३० दैनिक भ्रमण भत्ता वाफतको रकम वडा सचिव दिर्घवहादुर रावललाई भुक्तानी ।निजले तीनपटक चैनपूर जाँदाको दैनिक भ्रमण भत्ता भुक्तानी लिँदा पेश भएका विल अनुशार हुन आउने रकम रु २५५५० वाट स्थानीय भत्ता कट्टी गरी वाँकी रकम रु २१७५० भुक्तानी हुनु पर्नेमा रु २५००० भुक्तानी भएकाले वढी भुक्तानी भएको र ३२५० असुल हुनु पर्ने । | ३,२५० |
| ६७.४ | | | गो भौ न २०४।०७८।१२।१४ कार्यक्रम सञ्चालन वाफतको खर्च रकम शिक्षा अधिकृत ललित कुमार पाण्डेयलाई भुक्तानी ।गौरीगंगा नगरपालिकाका IEMIS फोकल पर्सन सन्तोष पौडेलले २०७८।११।६ देखि २०७८।११।११ सम्म तालिममा सहजीकरणको लागि भन्दै रु १२०४० भ्रमण भत्ता वुझेको देखिन्छ साथै सो अवधि २०७८।११।९ मा तालिममा सहजीकरण गरेको भन्दै निजले ६ वटा सेसनको प्रति सेसन रु २००० का दरले कर कट्टी गरी जम्मा रु १०२०० वुझेको देखिन्छ । भ्रमण भत्ता वुझेको अवधिमा निजले तालिममा सहजिकरण गरेको भत्ता पनि वुझेकाले उक्त दोहोरो सुविधा वाफत वुझेको रु १०२०० असुल । | १०,२०० |
| ६७.५ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा विल, भरपाई, प्रमाण र कागजात वेगर खर्च गर्न नहुने कुरा उल्लख गरिएको छ । खेलकुदका लागि विभिन्न सामाग्री खरिद वाफत विभिन्न व्यक्ति तथा फर्मलाई देहायवमोजिमको रकम भुक्तानी भएको छ । उक्त रकम खेलकुद आयोजनाको लागि नै खर्च भएको हो भनी पुष्टि गर्ने कागजाग पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने | ८८,९२३ |

<table>
<tr><td></td><td></td><td></td><td>जम्मा रकम रु ८८९२३।००<br><table>
<tr><th>सि.न.</th><th>व्यक्ति तथा फर्मको नाम</th><th>गो.भौ.न. र मिति</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>हमाल ट्रेडर्स एण्ड सप्लायर्स चैनपूर</td><td>५४–२०७८।८।१५</td><td>५७९६८</td></tr>
<tr><td>२</td><td>वडा न. ४ अध्यक्ष महेशप्रशाद जोशी</td><td>७२–२०७८।९।१</td><td>१९३५५</td></tr>
<tr><td>५</td><td>वडा न. ४ सचिव विशाल वहादुर सिंह</td><td>१०५–२०७८।१०।३</td><td>११६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण वाट देखिएको व्यहोरा सम्वन्धमा</td><td></td></tr>
<tr><td>६८.१</td><td></td><td></td><td>गो भौ न १५२।०७९।३।१९ मा विभिन्न सामान खरिद वाफतको रकम नागरिक मेडिसिन सप्लायर्सलाई भुक्तानी । सो फर्मको विल नम्वर २८ मा खरिद भएको रु ७४६८५० र विल नम्वर २९ मा खरिद भएको रु ५३००० गरी जम्मा रकम रु ७९९८५० वाट अग्रिम आयकर कट्टी गरी वाँकी रकम रु ७८७८५२ भुक्तानी हुनु पर्नेमा रु ७९६९२६ भुक्तानी भएकाले वढी भुक्तानी भएको जम्मा रकम रु ९०७४ असुल हुनुपर्ने</td><td>९,०४७</td></tr>
<tr><td>६८.२</td><td></td><td></td><td>गो भौ न १८८।०७९।३।२४ मा वम वहादुर भण्डारीलाई कार्यक्रमको भत्ता वाफतको रकम भुक्तानी मा निवेदकले रु १०००० को भुक्तानी माग गरेको तर रु १५००० मानी भुक्तानी भएकाले वढी भुक्तानी भएको रकम रु ५००० असुल हुनुपर्दछ ।</td><td>५,०००</td></tr>
<tr><td>६८.३</td><td></td><td></td><td>174.079.3.3 कार्यक्रम सञ्चालन वाफतको रकम शिक्षा प्रा.स. सुरेश वहादुर रावललाई भुक्तानी पेश भएका श्रेस्ताको विल भरपाई जोडजम्मा गर्दा रु १०४६८४ हुन जाने तर भुक्तानी हुँदा १०९२७६ ठहर्याई भुक्तानी भएकाले वढी भुक्तानी भएको रु ४५९२ असुल हुनु पर्दछ ।</td><td>४,५९२</td></tr>
<tr><td>६८.४</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा विल, भरपाई, प्रमाण र कागजात वेगर खर्च गर्न नहुने कुरा उल्लेख गरिएको छ । देहायवमोजिमको व्यक्तिहरुले भुक्तानीको लागि पेश गरेको श्रेस्ताको विल भरपाईको जोडजम्मा गर्दा हुन आउने भन्दा वढी ठहर्याई वढी रकम भुक्तानी भएको देखिन्छ । वढी मानी भुक्तानी भएको जम्मा रकम रु ४६०००।०० असुल हुनु</td><td>४६,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | पर्दछ ।<br><br>\| सि.न. \| भुक्तानी भएको व्यक्तिको नाम \| गो.भौ.न. र मिति \| विल भरपाई जोड्दा हुन आउने रकम \| भुक्तानी हुँदा ठहर्याईएको रकम \| असुल \|<br>\| २ \| स्काईभेटर चालक गणेश वहादुर धामी \| ३२५– २०७९।३।७ \| १०७६२० \| ११७६२० \| १०००० \|<br>\| ३ \| एम्वुलेन्स चालक सिद्धराज थापा \| ३८३– २०७९।३।२४ \| १५२१३१ \| १८८१३१ \| ३६००० \| | |
| ६९ | | | अनुगमन तथा सम्परीक्षण —<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br>\| आ व \| दफा \| वेजुको व्यहोरा \| सम्परीक्षणको व्यहोरा \| सम्परीक्षण रकम \|<br>\| ०७५।७६ \| २६ \| अग्रीम आयकर कट्टा नगरेको रु १८३४९ \| रा वा वैक वझांग साखामा मिति २०७८।१२।२५ मा भौ न १०९७३२३० वाट रा शि न १५१११ मा रु १८३४९ दखिला भएको \| १८३४९ \| | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७५।७६ | ४२।१ | पारीश्रमिक कर कट्टा नगरेको रु ५९२८० | रा वा वैक वझांग साखामा मिति २०७८।१२।२८ मा वैक भौ न १०६८७८६५ वाट रा शि न १५१११ मा रु ५९५०० दखिला भएको | ५९२८० | |
| | | | ०७६।७७ | १५७ | वढि दै भ्र भत्ता भुक्तानी गरेको रु ५९१३० | पालिकाले गो भौ न १२२ मिति ०७८।१०।१६ वाट खर्च भुक्तनीमा वेरुजु कट्टा गरी कुमारी वैक थलारालाई वैक आदेश पठाएको रु ९२२८३ मध्ये परेको । | ५९१३० | |